बैठक संख्या :- ५३
मिति :- २०७६।०३।२२ (आईतवार)
समय :- दिनको : ३.०० बजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित/ अल्पसंख्यक सदस्य |
| श्री पुरुषोत्तम सुवेदी | प्र. प्र. अ. (सदस्य-सचिव) |

**निर्णय नं. १** :- कमलामाई नगरपालिका क्षेत्र भित्र जन्म दर्ता भई विभिन्न व्यक्तिहरुको जन्म , मिति, उमेर, नाम थर ठेगाना संशोधनको लागि निवेदन पेश भएमा वडा कार्यालयको सिफारिसमा नागरिक्ता, शैक्षिक प्रमाण-पत्रको आधारमा गर्ने र नागरिक्ता, शैक्षिक प्रमाण- पत्र नभएमा सम्वन्धित वडाको रोहवरमा सर्जमिन मुचुल्काको आधारमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :- आर्थिक वर्ष ०७६।०७७ को लागि प्रत्येक वडा कार्यालयवाट पेश भएको रु.१ करोडको योजनाहरु नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :- आर्थिक वर्ष ०७५।०७६ को शिक्षा कार्यक्रम तर्फ कक्षा ८ को परिक्षा संचालनको लागि संस्थागत विद्यालयवाट प्राप्त रु. ११९०००।- कमलामाई नगरपालिकाको खातामा जम्मा भएको र परिक्षा संचालनमा रकम अपुग समेत भएकोले उक्त रकम मध्ये रु.८००००।- (असी हजार) परिक्षा संचालन कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** :- महिला कार्यक्रम तर्फ को विषयगत ईच्छुक निकाय संगको सहकार्यमा मनोसामाजिक विकास केन्द्र स्थापनाको लागि रु.१६५०००। (एक लाख पैसठी हजार) रुपैया महिला सेफ हाउस संचालनको लागि अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५** :- आर्थिक वर्ष ०७५।७६ मा रु.५०००००।- (पाच लाख) तलव शिर्षकमा नपुग भएको हुदा आन्तरिक श्रोत तर्फ स्थानीय प्रोत्साहन शिर्षकमा विनियोजन गरिएको रु.४००००००।- (चालिस लाख) मध्येवाट उक्त रकम राजश्व बाडफाडको तलव शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** :- कमलामाई नगर क्षेत्र भित्र रहेका जेष्ठ नागरिकहरुलाई कमलामाई नगरपालिकाको कार्यालयबाट परिचय- पत्र वितरण भईरहेकोमा सेवाग्राहीहरुलाई असुविधा भएको हुदाँ आ.व.०७६।०७७ देखि वडा कार्यालयमा कार्यरत वडा सचिव मार्फत नै परिचय पत्र- वितण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** :- अपाङ्ग तथा परिचय पत्र वितरण छनोट समितिका पदाधिकारीहरुलाई प्रति बैठक भत्ता बापत रु.१०००।- (एकहजार) दिने निर्णय गरियो ।

**निर्णय नं. ८:-** चाल आर्थिक वर्षको कृषि कार्यक्रम तर्फ (हेल्भेटास) को वार्षिक तथा आवधिक योजना तर्जुमाको लागि रु.५०००००।- (पाच लाख) विनियोजन भएकोमा उक्त रकम कृषि कार्यक्रम निर्देशिका एवं कार्यविधि तयार गर्नको लागि रकम संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-** '**घ**' वर्गको ईजाजत प्रमाण पत्र पाउ भनी आवश्यक कागजात पेश गर्ने गिरी मन्स्ट्रक्नि प्रा.लि.क.न.पा. ५ र पौडेल कन्स्ट्रकसन एण्ड कन्स्ट्रकसन कम्पनी प्रा.लि.क.न.पा.९ लाई '**घ**' वर्गको ईजाजत प्रमाण-पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. १०:-** चालु आर्थिक वर्षको स्वास्थ्य कार्यक्रम तर्फ कमलामाई नगरपालिकाको १४ वडाहरुमा कमलामाई नगरपालिका पूर्ण खोप युक्त कार्यक्रम यहि मिति ०७६।०३।२७ गते नगरपालिका सभा हलमा घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:-** लैङ्गिक नीति तथा कार्य योजना ,२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:-** आर्थिक वर्ष ०७६।०७७ को लागी नगरपालिका क्षेत्रभित्र का खोलानालाहरु वाट माछा मार्ने संग प्रति दिन १० के.जि. का दरले उठाउने गरी रु.३००००।- (तीस हजार) मा ~~अमानत~~वाट ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. १३:-** रेडियो सिन्धुली गढिले विभिन्न सन्देशमुलक तथा विभिन्न सूचना प्रशारण गरे वापत पेश भएको विल अनुसार रु.७००००।- (सत्तरी हजार) विज्ञापन शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :-** कमलामाई नगरपालीका लिलाम गर्ने सम्बन्धी कार्यविधि,२०७६ विधेयक समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५:-** आर्थिक वर्ष ०७६।०७७ को लागि कमलााई नगरपालिका पशु सेवा शाखाबाट दिईने विभिन्न पशु सेवा वापत निम्नानुसारको पशु पन्छी दर्ता शुल्क लिनको लागि पाचौ नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## पशु विकास शाखा

## पशुपंक्षि दर्ता शुल्क

| क.सं. | उपचारको किसिम | पशुको किसिम | दर्ता शुल्क रु. |
|---|---|---|---|
| १ | उपचार सेवा | गाई, भैसी | १५।० |
| २ | उपचार सेवा | भेडा, बाखा | ५।० |
| ३ | उपचार सेवा | सुँगुर, बंगुर | १५।० |
| ४ | उपचार सेवा | कुखुरा, हाँस, अन्य पंक्षि | ५।० |
| ५ | उपचार सेवा | कुकुर, बिरालो, खरायो | २५।० |
| ६ | उपचार सेवा | घोडा, हात्ति | २५।० |
| ७ | उपचार सेवा | अन्य जंगली जनावर | ५०।० (घरमा पालेका) |
| ८ | प्रयोगशाला सेवा | गाइ,भैसी | १५।० |
| ९ | प्रयोगशाला सेवा | भेडा,बाखा | १०।० |
| १० | प्रयोगशाला सेवा | सुँगुर,बंगुर | १५।० |
| ११ | प्रयोगशाला सेवा | अन्य जनावर | १०।० |
| १२ | पिसाब परीक्षण सेवा | सबै जनावर | १५।० |
| १३ | दुध परीक्षण सेवा | सबै जनावर | २०।० |
| १४ | बन्धयाकरण सेवा | बोका | १५।० |
| १५ | बन्धयाकरण सेवा | बहर | २५।० |
| १६ | बन्धयाकरण सेवा | बंगुर | ५०।० |
| १७ | बन्धयाकरण सेवा | कुकुर, विरालो | १००।० |
| १८ | बन्धयाकरण सेवा | अन्य | १००।० |
| १९ | खोप सेवा (एण्टि रेबिज) | कुकुर, विरालो | १००।० |
| २० | खोप सेवा (एण्टि रेबिज) | अन्य जनावर | १००।० |
| २१ | कृतिम गर्भाधान सेवा | गाई, भैसी | २०।० |
| २२ | कृतिम गर्भाधान सेवा | बाखा | २०।० |
| २३ | पोष्टमार्टम सेवा | कुखुरा | १०।० |
| २४ | पोष्टमार्टम सेवा | खसी,बाखा | ५०।० |
| २५ | पोष्टमार्टम सेवा | गाई,भैसी | १००।० |
| २६ | पोष्टमार्टम सेवा | अन्य जंगली जनावर | १५०।० |

**निर्णय नं १६** :- नगर शिक्षा ऐन, २०७५ र नगर शिक्षा नियमावली,२०७५ मा निमन्‍ अनुसारको दफा एंवम नियमहरु शंसोधन गरी स्वीकृतीको लागि पाचौ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**नगर शिक्षा ऐन, २०७५ मा संशोधन गर्नुपर्ने दफाहरु :**

| मौजुदा व्यवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| प्रारंभिक ठ : स्रोतकेन्द्र भन्ने शव्द प्रयोग | नगर शिक्षा समन्वय केन्द्र | श्रोत केन्द्र सम्बन्धी अवधारणा हटेकोले | |
| प्रारंभिक ठ : स्रोत व्यक्ति भन्ने शव्द प्रयोग | नगर शिक्षा फोकल पर्सन | श्रोत व्यक्ति सम्बन्धी अवधारणा हटेकाले | |
| परिच्छेद ५ दफा १८ (ग) वडा समितिले मनोनित गरेका १ जना | वडा समितिको शिफारिशमा नगरशिक्षा समितिको अध्यक्षले मनोनित गरेको १ जना | नगरशिक्षा समिति शिक्षाको सम्बन्धमा बढी जिम्मेवार हुने भएकाले | |
| परिच्छेद ५ दफा १९ (१) मा भएको व्यवस्थालाई शंशोधन गर्नु पर्ने । | विद्यालय व्यवस्थापन समितिले सन्तोषजनक रुपमा कार्य गर्न नसकेमा कुनै पनि बखत नगरशिक्षा समितिको परामर्शमा नगर कार्यपालिकाले विघटन गर्न सक्नेछ। | विद्यालय शिक्षामा गुणस्तर कायम गर्नुपर्ने भएकोले । | |
| परिच्छेद ६ दफा २९ मा ६ नं. बूँदा थप नभएको | विद्यालयको (भवन, जग्गा, आदि) चल अचल सम्पती नगरशिक्षा समितिको शिफारिशमा नगर शिक्षा समितिको अध्यक्षको स्वीकृती नलिई लिजमा दिन,लिन र भाडामा लगाउन वा अन्य प्रयोजनका लागि करार गर्न पाइने छैन । | यो व्यवस्था ऐनमा नभएकोले | |
| परिच्छेद ७ दफा ३८ को उप दफा (१) मा थप व्यख्या नभएकोले | वरिष्ठतम्, तथा नेतृत्व शिप भएको शिक्षकलाई विद्यालय विकास प्रस्तावका आधारमा नगर शिक्षा समितिले प्रधानाध्यापकको दरबन्दी व्यवस्थापन गरिने छ । | स्पष्ट रुपमा व्याख्या नभएकोले | |
| | सामुदायिक विद्यालयमा शिक्षक भर्ना गर्नको लागि नगर शिक्षक समितिले एक छनौट समिति गठन गर्नेछ । उक्त समितिको सिफारीसमा नगर शिक्षा समितिबाट स्विकृत भएको व्यक्तिलाई शिक्षा शाखाले नियुक्ति दिनेछ । | | |

**शिक्षा नियमावली, २०७५ मा शंशोधन गर्नुपर्ने नियमहरु :**

| मौजुदा अवस्था | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| परिच्छेद ५ दफा २८ उप दफा १ मा थप व्याख्या नभएको | (१) देदायका अबस्थामा नगरशिक्षा समितिको परामर्शमा अध्यक्षले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछन् । | यि व्यवस्थाहरु मौजुदा ऐनमा नभएकोले | |
| परिच्छेद ५ दफा २८ उप दफा ३ मा थप व्याख्या नभएकालेले | (३) वि व्य स विघटन भएको अबस्थामा नगर शिक्षा समितिको परामर्शमा विद्यालय व्यबस्थापन समिति गठन गर्न सक्नेछन् । | | |
| परिच्छेद ९ दफा ४९ को उपदफा २ मा थप व्यख्या नभएकाले | सम्बन्धित विद्यालयका ... भन्दा पछि बरिष्ठतम् भन्ने शव्दावली थप्ने | यो व्यवस्था नियमावलीमा नभएकोले | |